# फिक्कल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाङसाङ, सिन्धुली
बागमती प्रदेश, नेपाल

फिक्कल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाङसाङ, सिन्धुली बागमती प्रदेश नेपाल २०७३

## "उद्यमशीलता, कृषि तथा पशु वस्तु उत्पादन र बजारीकरण साझेदारी परियोजना" युवा लक्षित कार्यक्रमका लागि आवेदन माग सम्बन्धी सूचना ।

**सूचना !!** **सूचना !!** **सूचना !!**

## युवा उद्यमशिलता ऋण कार्यक्रममा सहभागिताको लागि आवेदन आह्वान

प्रथम पटक प्रकाशित मितिः- २०७९/०६/११

फिक्कल गाउँपालिकाको चालु आ.व. २०७९/८० का लागि युवा उद्यमशीलता विकास ऋण कार्यक्रम होटल व्यवसाय, हार्डवेयर पसल, किराना पसल, वर्कशप, घडी/ रेडियो/ टेलिभिजन/ मोवाईल मर्मत तथा बिक्रि पसल, ईलेक्ट्रिक तथा ईलेक्ट्रोनिक पसल, सिलाई बुनाई तथा कस्मेटिक पसल, शैलुन, व्युटी पार्लर, चटपटे पसल, बाख्रा, गाई, भैंसी, लोकल कुखुरा, बंगुर, टर्कि, माछा पालन र तरकारी, फलफुल, खाद्यान्न बाली खेती लगायतका कृषि तथा पशुजन्य व्यवसाय) मा सहभागी हुन १८ देखि ५० वर्षका (महिला, पुरुष, अन्य) युवाहरुद्वारा तोकिएको शर्तको अधिनमा रहि सूचना प्रकाशन भएको मितिले ३५ (पैंतिस) दिनभित्र आवेदन पेश गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ । यस कार्यक्रमको कार्यक्षेत्रगत शर्त (TOR) तथा आवेदन फाराम गाउँपालिकाको कार्यालय वा गाउँपालिकाको वेवसाइट www.phikkalmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

**<u>आवेदन पेश गर्न पुरा गर्नुपर्ने न्युनतम शर्तहरुः</u>**

१. उद्यमशीलता, कृषि तथा पशु पंक्षीसँग सम्बन्धित व्यवसाय गरिरहेका वा गर्ने योजनामा रहेका १८ देखि ५० वर्ष उमेर समूहका युवा (महिला, पुरुष वा अन्य),
२. फिक्कल गाउँपालिका भित्र स्थायी बसोवास भएका नेपाली नागरिक,
३. मुख्य पेशाको रुपमा कृषि र पशु पंक्षीपालन वा सो सम्बन्धी व्यवसाय गरिरहेका,
४. समूहमा आवद्ध भई काम गर्न इच्छुक,
५. नविनतम् कृषि वस्तु उत्पादन सम्बन्धी व्यवसाय, वैदेशिक रोजगारीबाट फर्केर कृषि तथा पशु पंक्षीसँग सम्बन्धित व्यवसाय गरिरहेकालाई विशेष प्राथमिकता दिईने,

आवेदन दिएकामध्ये उपयुक्त र न्युनतम मापदण्ड पुरा गरेकालाई प्रारम्भिक छलफलका लागि सम्पर्क गरिनेछ ।
नोटः मापदण्ड पुराभई छनौटमा परेका उम्मेदवारलाई मात्र कार्यक्रममा समावेश गरिनेछ ।

**<u>आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>**

| | |
|---|---|
| १. निवेदन | ६. आ.व. २०७९/८० सम्म नविकरण भएको व्यवसाय दर्ता प्रमाणपत्र (नयाँ दर्ताको हकमा नपर्ने) |
| २. आवेदन फाराम | ७. आ.व. २०७८/७९ सम्मको कर चुक्ता प्रमाणपत्र |
| ३. नागरिकता प्रमाणपत्रको प्रतिलिपी | ८. आ.व. २०७९/८० सम्मको मालपोत तिरेको रसिद |
| ४. पासपोर्ट साइजको फोटो - २ (दुई) प्रति | ९. व्यवसाय सञ्चालनमा रहेको जग्गाको धनिपूर्जाको प्रतिलिपी |
| ५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र | १०. व्यवसायिक योजना |

आवेदन पेश गर्ने अन्तिम मितिः- २०७९/०७/१४
आवेदन पेश गर्ने स्थानः- फिक्कल गाउँपालिकाको कार्यालय, खाङसाङ सिन्धुली ।
सम्पर्क व्यक्ति श्री संदीप उपाध्यायः- ९८४१९००८५०
श्री नारायण प्रसाद अधिकारीः- ९८५४०४०२८२

शिवहरी दाहाल
प्रमुख प्रशासकीय अधिकृत

"फिक्कल समृद्धिको मूल आधारः कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन र रोजगार"

*Phone No.:- 9854045342 Email :-phikkalruralmun@gmail.com Website :- www.phikkalmun.gov.np*